# गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश,नेपाल

**प्रथम पटक प्रकाशित मितिः२०८०।०६।१८**

*विषय :- निशुल्क अत्यावश्यकिय औषधि सामाग्री खरिद सम्वन्धि दरभाउपत्र आव्हान सूचना*

यस नगरपालिकाको मिति २०८०।०६।१८ को खरिद समितिको बैठकको निर्णय अनुसार नगरपालिकाबाट सूचना प्रकासित भएको मितिले १५ औं दिन सम्म पूर्ण रुपमा अनलाईन विधि भित्र रहि दरभाउपत्र फाराम दस्तुर रु.१०००।- तिरी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्नको लागी आ.ब. २०७९/०८० का लागी नवीकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, औषधि व्यवसायी प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता र कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि दरभाउपत्र खरिद गर्नु पर्ने छ ।

**शर्तहरु**

१.सूचना प्रकाशित मितिले १५ औं दिन सम्म दरभाउपत्र फाराम बिक्रि बितरण हुनेछ । १५औं दिनको १२.०० बजे सम्म बिक्रि भई सकेका दरभाउपत्रहरुको दर्ता कार्य हुनेछ र सोही दिनको २.०० बजे दर्ता हुन आएका शिलबन्दि दरभाउपत्र फारामहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्र दाता प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दाताले यस नगरपालिकाको को रा.बा.बैक मेहलकुना शाखा सुर्खेत स्थित रहेको हि.नं ४४८०१००३०३०००००२ धरौटी खातामा नगद जम्मा गरी सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको सक्कल बैक ग्यारेन्टी(बिडवन्ड) पेश गर्नु पर्ने छ

२. दरभाउपत्र खरिद गर्ने दर्ता गर्ने र खोल्ने दिन मिति २०८०।०७।०२ गते हुनेछ ।

३.एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

४.दरभाउपत्र कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठांउमा दस्तखत गरेको हुनु पर्ने छ ।

५. औषधि खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित औषधिहरुमात्र खरिद गरिनेछ । बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टिक बोतल र चक्कीहरु स्ट्रिपमा हुनु पर्ने छ । सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति , म्याद गुज्रने मिति, ब्याच नम्बर, तथा *Supply for Ministry of Health & Population, Nepal* ( ***यो औषधि/सामान बिक्रिका लागी होईन***) भन्ने बाक्यांश लेखिएको हुनु पर्ने छ ।

६.औषधि दाखिला हुन आउदा सम्म औषधिको म्याद १८ महिना बांकि हुनु पर्ने छ तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अबस्थामा म्याद को ७५ प्रतिसत म्याद बांकि हुंदा दाखिला गर्न सकिने छ ।

७. दरभाउपत्रमा पेश गरेको मुल्य यस आ.ब. को लागी भएकोले आषाढ मसान्त सम्म कुनै प्रकारको मुल्य बृद्धि लाई स्वीकार गरिने छैन । औषधि खरिदमा थप रकम ब्यर्बस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ ।

८.दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंसिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकालाई रहनेछ ।

९.सार्वजनिक खरिद नियमावली २०६४को नियम ४० ङ अनुसार दरभाउपत्र दाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नु पर्ने छ ।

१०. यस सूचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुने छ ।

११.कुनै बिषयमा सम्पर्क गर्नु परेमा शाखा प्रमुख को फोन नं ९८४४८०७६८० मा सम्पर्क गर्नु पर्ने छ ।

| क्र.स. | ठेक्का न. | योजनाको नाम | न्युनतन ठेक्का अंक ( मु.अ.कर समेत) | धरौटी रकम | टेन्डर दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | NCB/GOODS/MEDSup./01/2080/081 | गुर्भाकोट नगरपालिका अर्न्तगत विभिन्न स्वास्थ्य संस्थाका लागी निशुल्क अत्यावश्यकिय औषधि सामाग्री खरिद | १६,६९,५४०।३४ | ६०,०००।– | १०००।– | औसधि जन्य आईटममा म्याद लाग्ने छैन । |

श्री सूचना प्रविधी शाखा
Web site मा प्रविष्ट गरिदिनु हुन।

२०८०।६।१८
पूर्ण बहादुर घर्ती
स्वास्थ्य शाखा प्रमुख

CamScanner